जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुट्छ ठूला–ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ
Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २४७ | २०८३ साल बैशाख ०९ गते बुधवार | Wednesday-22-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## भन्सार कडाइ र बजार अनुगमन अभावले बाराका उपभोक्ता दोहोरो मारमा

***शु.आ. सम्वाददाता***
***बारा, ०८ वैशाख***

भारतबाट १०० रुपैयाँभन्दा माथिको सामान ल्याउँदा अनिवार्य भन्सार शुल्क तिर्नुपर्ने नियम कडाइका साथ लागू हुन थालेपछि सीमावर्ती बारा जिल्लाका स्थानीयवासी दोहोरो मारमा परेका छन् । एकातर्फ सीमामा कडाइ, अर्कोतर्फ स्थानीय बजारमा मूल्य अनियमितताले उपभोक्ता थप समस्यामा परेका हुन् । सीमावर्ती नाकाहरूमा खटिएका सुरक्षाकर्मीहरूले चेकजाँच कडा बनाउँदै साना सामानमा समेत भन्सार लागू गर्न थालेपछि दैनिक उपभोग्य वस्तु ल्याउनसमेत स्थानीयलाई कठिनाइ भइरहेको छ । अझै, जिल्लाका अधिकांश छोटी भन्सार कार्यालयहरू बन्द अवस्थामा रहेकाले सर्वसाधारणलाई वैधानिक रूपमा सामान ल्याउन सहज वातावरण नबनेको गुनासो बढ्दै गएको छ ।



स्थानीयका अनुसार सीमामा कडाइ भएपछि नेपाली बजारमै निर्भर हुनुपरेको छ । तर बजारमा व्यापारीहरूले मूल्यसूची नराख्ने, मनपरी मूल्य असुल गर्ने जस्ता गतिविधि बढेपछि उपभोक्ता झनै मारमा परेका छन् । "न त भारतबाट सस्तो सामान ल्याउन पाइन्छ, न त यहाँ उचित मूल्यमा पाइन्छ," एक स्थानीय उपभोक्ताले गुनासो गरे ।

संविधानको अनुसूची–८ बमोजिम उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनको प्रमुख जिम्मेवारी स्थानीय तहको भए पनि बारा जिल्ला का स्थानीय तहहरू यस विषयमा प्रभावकारी रूपमा सक्रिय देखिएका छैनन् । बजार अनुगमन नहुँदा व्यापारीहरूको मनोमानी बढ्दै गएको उपभोक्ताहरूको आरोप छ ।

सरकारले राजस्व चुहावट नियन्त्रण र सीमा व्यवस्थापनका लागि कडाइ आवश्यक ठाने पनि त्यसले निम्न आय भएका नागरिकको दैनिक जीवनमा प्रत्यक्ष असर पारेको भन्दै सरोकारवालाहरूले सन्तुलित नीति आवश्यक रहेको बताएका छन् ।

स्थानीयवासीले सीमा नाकामा व्यवस्थित भन्सार सेवा पुनः सञ्चालन, साना उपभोग्य वस्तुमा सहुलियत व्यवस्था तथा बजारमा नियमित अनुगमन गरी मूल्य नियन्त्रण गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । यस विषयमा सम्बन्धित निकाय मौन रहँदा समस्या अझ जटिल बन्दै जाने संकेत देखिएको छ ।

## कलैया बजारमा अतिक्रमण हटाउने क्रममा झडप, व्यापारी–नगरप्रहरी बीच तनाव

***शु.आ. सम्वाददाता***
***कलैया, ०८ वैशाख***

कलैया उपमहानगरपालिकाले बजार क्षेत्रको सडक अतिक्रमण हटाउने क्रममा मंगलबार व्यापारी र नगरप्रहरीबीच झडप भएको छ । सडक तथा सार्वजनिक स्थान खाली गराउने क्रममा भएको उक्त घटनाले केही समय कलैया बजार क्षेत्र तनावग्रस्त बनेको थियो ।



स्थानीयवासीका अनुसार बजार क्षेत्रमा निर्माण गरिएको सेडभित्र व्यापार सञ्चालन हुँदै आए पनि धेरै व्यापारीहरूले सडकमै तरकारी, किराना तथा अन्य सामग्री राख्दै आएका थिए । उपमहानगरपालिकाले पटक–पटक सार्वजनिक स्थल खाली गर्न आग्रह गरे पनि अटेरी भएपछि नगरप्रहरीले अतिक्रमण हटाउने अभियान तीव्र पारेको हो । सोही क्रममा नगरप्रहरीले सडकमा राखिएका सामान हटाउने प्रयास गर्दा केही व्यापारीहरूले विरोध जनाएपछि विवाद चर्किएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । त्यसपछि स्थिति सामान्य धकेलाधकेल हुँदै झडपको रूप लिएको थियो ।

घटनाबारे प्रतिक्रिया दिँदै कलैया उपमहानगरपालिकाका नगरप्रमुख विनोद साहले नगरप्रहरीमाथि आक्रमण भएको बताएका छन् । उनका अनुसार अतिक्रमण हटाउने क्रममा एक जना व्यापारीले नगरप्रहरीमाथि चप्पल प्रहार गरेपछि स्थिति नियन्त्रण बाहिर गएको हो । नगरप्रमुख साहले भने, "नगरको सौन्दर्य, सरसफाइ र यातायात व्यवस्थापनका लागि अतिक्रमण हटाउनै पर्ने अवस्था छ । तर कार्यान्वयनका क्रममा केही असहजता भएको छ ।" उनले घटनापछि सामाजिक सञ्जालमा नगरप्रहरीको व्यवहारबारे भिडियो सार्वजनिक भएकोप्रति पनि प्रतिक्रिया दिँदै आफू त्यसबेला बाहिर रहेको स्पष्ट पारे । भिडियो हेर्दा केही अमानवीय व्यवहार देखिएको स्वीकार गर्दै उनले व्यापारीहरूलाई चोट पुगेको विषयलाई गम्भीर रूपमा लिएको बताए ।

घटनापछि उत्पन्न विवाद समाधानका लागि बुधबार नगरपालिकाले व्यापारी प्रतिनिधिसँग छलफल गर्ने निर्णय गरेको छ । नगरप्रमुख साहका अनुसार सहमतिमार्फत दीर्घकालीन समाधान निकाल्ने प्रयास गरिनेछ । उनले भविष्यमा यस्ता घटनाहरू दोहोरिन नदिन नेपाल प्रहरीको सहयोगमा अतिक्रमण नियन्त्रण तथा सरसफाइ अभियान सञ्चालन गरिने समेत जानकारी दिए ।

कलैया बजार क्षेत्रमा पछिल्लो समय अव्यवस्थित व्यापार र सडक अतिक्रमणका कारण पैदल यात्री तथा सवारी आवागमनमा समस्या बढ्दै गएको छ । स्थानीय प्रशासनले सार्वजनिक स्थलको संरक्षण र बजार व्यवस्थापनलाई व्यवस्थित बनाउन अतिक्रमण नियन्त्रण अभियानलाई निरन्तरता दिने जनाएको छ । घटनापछि बजार क्षेत्र केही समय असहज बने पनि अहिले अवस्था सामान्य बन्दै गएको स्थानीयहरूले बताएका छन् ।

## सरकारी विज्ञापन वितरणमा विभेदः पत्रकार महासघंद्वारा देशव्यापी आन्दोलन घोषणा

***शु.आ. सम्वाददाता***
***बारा, ०८ वैशाख***

सरकारले सरकारी विज्ञापन वितरणलाई केवल सरकारी स्वामित्वका सञ्चारमाध्यममा सीमित गर्ने निर्णय गरेपछि त्यसविरुद्ध नेपाल पत्रकार महासङ्घ ले देशव्यापी आन्दोलनको घोषणा गरेको छ । महासङ्घले उक्त निर्णयलाई प्रेस स्वतन्त्रतामाथिको गम्भीर आघात र संविधानको मर्मविपरीत भएको ठहर गर्दै तत्काल फिर्ता लिन माग गरेको छ ।




प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हालै जारी गरिएको परिपत्रअनुसार सरकारी विज्ञापन अब सरकारी सञ्चारमाध्यममार्फत मात्र प्रवाह गरिने व्यवस्था गरिएको छ । यस निर्णयले निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने, प्रतिस्पर्धात्मक वातावरण खलबल्याउने तथा स्वतन्त्र पत्रकारितालाई धराशायी पार्ने जोखिम रहेको महासङ्घको भनाइ छ ।

महासङ्घका महासचिव रामप्रसाद दाहाल द्वारा जारी विज्ञप्तिमा सरकारप्रति कडा असन्तुष्टि जनाउँदै यसअघि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत बुझाइएको ज्ञापनपत्रप्रति कुनै प्रतिक्रिया नआएपछि आन्दोलनमा उत्रिन बाध्य भएको उल्लेख गरिएको छ ।

घोषित आन्दोलनका कार्यक्रमअनुसार वैशाख ९ गते प्रदेशस्तरमा मुख्यमन्त्रीहरूसँग छलफल गरिनेछ भने वैशाख १० गते देशभरका जिल्ला प्रशासन कार्यालयमार्फत सरकारलाई दबाब दिइनेछ । त्यसैगरी वैशाख ११ गते देशभरका सञ्चारमाध्यमहरूले सम्पादकीय ऐक्यबद्धता प्रकट गर्ने, डिजिटल माध्यममार्फत अभियान सञ्चालन गर्ने र सामाजिक सञ्जालमा समन्वित दबाव सिर्जना गर्ने कार्यक्रम तय गरिएको छ ।

महासङ्घले स्थानीय तहहरूलाई समेत संघीय सरकारको उक्त निर्णय अवज्ञा गर्न आह्वान गरेको छ । साथै वैशाख १५ गते देशव्यापी रूपमा सम्बन्धित निकायमा ज्ञापनपत्र बुझाउने कार्यक्रमसमेत सार्वजनिक गरिएको छ ।

महासङ्घले चेतावनी दिँदै भनेको छ– यदि सरकारले आफ्नो निर्णय सच्याएर निजी सञ्चारमाध्यममैत्री नीति नल्याएमा थप सशक्त, कडा र दीर्घकालीन आन्दोलनका कार्यक्रम घोषणा गरिनेछन् । यसले सञ्चार क्षेत्रमै ठूलो उथलपुथल ल्याउने संकेत देखिएको छ ।

विश्लेषकहरूका अनुसार सरकारी विज्ञापन वितरणमा पारदर्शिता, समान अवसर र प्रतिस्पर्धात्मकता सुनिश्चित गर्नु लोकतान्त्रिक व्यवस्थाको आधारभूत आवश्यकता हो । यस्तो अवस्थामा एकपक्षीय निर्णयले सञ्चार क्षेत्र मात्र नभई समग्र लोकतान्त्रिक अभ्यासमै असर पार्न सक्ने चिन्ता व्यक्त गरिएको छ ।

## निर्वाचनमा योगदान पुऱ्याउने सुरक्षाकर्मी र कर्मचारी सम्मानित

***शु.आ. सम्वाददाता***
***बारा, ०८ वैशाख***

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ लाई स्वच्छ, निष्पक्ष, भयरहित, शान्तिपूर्ण तथा मर्यादित रूपमा सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने सुरक्षाकर्मी तथा कर्मचारीहरूलाई सम्मान गरिएको छ ।



जिल्ला प्रशासन कार्यालय बारा द्वारा मंगलबार आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा विभिन्न सरकारी निकायका कर्मचारीहरूलाई प्रशंसापत्रसहित सम्मान गरेका हुन् ।

कार्यक्रममा निर्वाचनको अवधिभर शान्ति सुरक्षा कायम राख्न, मतदाता तथा कर्मचारीको सुरक्षामा सक्रिय भूमिका खेल्न तथा समग्र निर्वाचन प्रक्रियालाई व्यवस्थित र विश्वसनीय बनाउन योगदान पुऱ्याएको भन्दै सुरक्षाकर्मी र कर्मचारीहरूको प्रशंसा गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी मिश्रले लोकतान्त्रिक प्रक्रियाको मेरुदण्डका रूपमा रहेको निर्वाचनलाई सफल बनाउन सुरक्षाकर्मी र कर्मचारीहरूको समर्पण, अनुशासन र जिम्मेवारीपूर्ण भूमिकाको उच्च मूल्याङ्कन गरे । उनले भविष्यमा पनि यस्तै प्रतिबद्धता र सक्रियता आवश्यक रहने उल्लेख गरे ।

कार्यक्रममा सहभागीहरूले सम्मानले आफूहरूलाई थप जिम्मेवार र प्रेरित बनाएको प्रतिक्रिया दिएका थिए । जिल्लामा निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सबै सरोकारवाला निकायबीचको समन्वय र सहकार्य प्रभावकारी रहेको बताइएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# इन्टरनेट समस्याः डिजिटल युगको गम्भीर चुनौती

आजको डिजिटल युगमा इन्टरनेट केवल सूचना आदान-प्रदानको माध्यम मात्र नभई शिक्षा, स्वास्थ्य, ब्यापार, सञ्चार र सरकारी सेवाको आधारभूत पूर्वाधारका रुपमा स्थापित भइसकेको छ । तर नेपालजस्तो विकासोन्मुख देशमा इन्टरनेट सेवाको अव्यवस्था, कमजोर पहुँच र बारम्बार हुने अवरोधले नागरिकलाई गम्भीर समस्या भोग्न बाध्य बनाएको छ । विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा इन्टरनेटको पहुँच अझै पनि सीमित छ । जहाँ सेवा पुगेको छ, त्यहाँ पनि गति कमजोर, नेटवर्क अस्थिर र बारम्बार सेवा अवरुद्ध हुने समस्या देखिन्छ । यसले विद्यार्थीहरुको अनलाइन शिक्षा, ब्यवसायीहरुको डिजिटल कारोबार, र सर्वसाधारणको दैनिकीमा प्रत्यक्ष असर पारिरहेको छ ।

इन्टरनेट सेवा प्रदायक संस्थाहरुले सेवा गुणस्तर सुधार गर्ने प्रतिबद्धता जनाए पनि ब्यवहारमा अपेक्षित सुधार देखिएको छैन । उपभोक्ताबाट महँगो शुल्क असुलिए पनि त्यसअनुसारको गुणस्तरीय सेवा नपाउँदा उपभोक्ता ठगिएको महसुस गरिरहेका छन् । नियामक निकायको प्रभावकारी अनुगमन अभावले समस्या झन् जटिल बन्दै गएको छ ।

सरकारी सेवाहरु पनि क्रमशः डिजिटल प्रणालीमा रुपान्तरण भइरहेका बेला इन्टरनेटको यस्तो कमजोर अवस्थाले सेवा प्रवाहमै अवरोध सिर्जना गरेको छ । नागरिकता, कर, बैंकिङ सेवा, अनलाइन फारम लगायतका कामहरु इन्टरनेटमा निर्भर हुँदै गएका छन् । यस्तो अवस्थामा इन्टरनेट अवरुद्ध हुनु भनेको सेवाबाट नागरिक वञ्चित हुनु हो ।

समस्या समाधानका लागि सरकार, नियामक निकाय र सेवा प्रदायकबीच स्पष्ट समन्वय आवश्यक छ । सेवा गुणस्तरको नियमित अनुगमन, उपभोक्ता अधिकारको संरक्षण, र पूर्वाधारमा दीर्घकालीन लगानीमार्फत मात्र इन्टरनेट समस्याको दिगो समाधान सम्भव छ । साथै दुर्गम क्षेत्रसम्म भरपर्दो इन्टरनेट विस्तार गर्न विशेष योजना आवश्यक देखिन्छ ।

डिजिटल नेपालको परिकल्पना केवल नारा मात्र नबनोस् भन्ने हो भने इन्टरनेट सेवा सस्तो, सुलभ र गुणस्तरीय बनाउन अब ढिला गर्नु हुँदैन । अन्यथा, डिजिटल विभाजन अझ गहिरिँदै जाने र विकासको गति अवरुद्ध हुने खतरा यथावत रहनेछ ।

# आधा आकाश : ओझेलमा अधिकार



अजवी पौड्याल

नेपालको संविधानको धारा ११ ले नागरिकतासम्बन्धी व्यवस्था गरेको छ, जहाँ सैद्धान्तिक रूपमा आमा वा बाबुको नामबाट नागरिकता पाउने उल्लेख छ । तर, व्यवहारमा नेपाली आमाहरूलाई तीन फरक वर्गमा विभाजन गरिएको देखिन्छ । महिलाको वैवाहिक स्थितिको आधारमा राज्यले उनलाई र उनका सन्तानलाई दिने हक र अधिकारमा आकाश-जमिनको भिन्नता छ । एउटी महिलाले कोसँग र कहाँको पुरुषसँग विवाह गरेकी छन् भन्ने कुराले उनको सन्तानको भविष्य र नागरिकताको हैसियत निर्धारण गर्छ । नेपालको संविधान २०७२ को धारा ११ अनुसार नेपालका आमाहरूको तीन वटा प्रकार उल्लेख गरिएको छ । महिलाको वैवाहिक स्थितिको आधारमा राज्यबाट उनले पाउने हक र अधिकार पनि फरकफरक छन् । राज्यले दिने अधिकार उनले कोसँग ? कहाँको पुरुषसँग विवाह गरेकी छन् भन्ने उनको स्टाटसले फरक पार्छ । नेपाली पुरुषसँग विवाह गरेकी महिलाको छोराछोरीले वंशजको आधारमा नेपालको नागरिकता पाउँछिन् । विदेशी पुरुषसँग विवाह गरेकी नेपाली महिलाको सन्तानले नागरिकता नै प्रायः पाउँदैनन् । मुद्दा लडेर पाइहाले पनि अंगीकृत नागरिकता पाउँछन् । श्रीमान्को ठेगाना पत्ता नलागे महिलाले स्वघोषणा गरेर उनको छोराछोरीको नागरिकता त बन्छ । तर स्वघोषणा गलत भए फौजदारी अभियोग लाग्छ । जेल जानुपर्ने हुन्छ ।

नेपाली पुरुषसँग विवाह गरेकी महिलाका छोराछोरीले वंशजको आधारमा सहजै नागरिकता पाउँछन् । तर, विदेशी पुरुषसँग विवाह गरेकी नेपाली महिलाका सन्तानले नागरिकता पाउन निकै कठिन छ । ठूलै कानुनी लडाइँ लडेर पाइहाले पनि उनीहरूले 'अंगीकृत नागरिकता'मा चित्त बुझाउनुपर्छ । यदि श्रीमान्को ठेगाना पत्ता नलागेमा आमाले 'बाबुको ठेगाना अज्ञात रहेको' स्वघोषणा गरेर सन्तानको नागरिकता बनाउन त सक्छिन्, तर उक्त स्वघोषणापछि गलत ठहरिएमा उनले फौजदारी अभियोग र जेल सजाय भोग्नुपर्ने प्रावधान छ । यो आफैंमा अपमानजनक र विभेदकारी छ ।

सुरज र निर्मलाको भोगाइ, आफ्नै देशमा 'अनागरिक' : पोखराका सुरज हजारे दाहाल अहिले ३५ वर्षका भए । नेपालको संविधानले १६ वर्ष पुगेपछि नागरिकता पाउनुलाई मौलिक हकको रूपमा संरक्षण गरेको छ । तर, नागरिकता लिने उमेर पुगेको १८ वर्ष बितिसक्दा पनि सुरजलाई यो देशले आफ्नो नागरिक स्वीकार गरेको छैन । नेपाली आमाबाट नेपालमै जन्मिएका सुरजले नागरिकता प्राप्तिका लागि लडेको कानुनी लडाइँ, भोगेको दुःख र राज्यले दिएको मानसिक यातनाको कथा भनिसाध्य छैन । दोलखा माइत भएकी उनकी आमासँग वंशजको नागरिकता छ । तर, प्रशासन कार्यालय, अदालत र वडा कार्यालय धाउँदा-धाउँदा उनी लखतरान परिसके । राज्यले उनलाई न नागरिक बनाउँछ, न त सम्मानपूर्वक गरिखाने ठाउँ नै दिन्छ ।

अनागरिक भएर बाँच्नुपर्दा उनले पाइला-पाइलामा हन्डर खाइरहेका छन् । उनी भन्छन्, 'राज्य, राष्ट्रियता र अधिकारको लडाइँ लड्दा-लड्दै म डिप्रेसनको सिकार भएँ । मलाई एन्जाइटी र मानसिक स्वास्थ्यको गम्भीर समस्या देखियो ।' उनका बुबा भारतीय नागरिक हुन्, जो अहिले सम्पर्कमा छैनन् । सम्पर्कमै नभएका बाबुलाई खोज्दै उनी कहाँ जाने ? यो अनुत्तरित प्रश्नले उनलाई दिनरात पिरोल्छ ।

यस्तै अर्को कारुणिक कथा छ निर्मला परियारको । सानैमा बुवाआमा गुमाएकी निर्मला अनाथालयमा हुर्किइन् । स्नातक (ब्याचलर्स) पढ्दै गरेकी उनलाई नागरिकता बनाउने बेला 'महाभारत' नै पर्‍यो । उनका काकाले सनाखत गर्न मानेनन् । अन्ततः काकाको सम्पत्तिमा दाबी नगर्ने सर्तमा निर्मलाको नागरिकता त बन्यो, तर उनका भाइहरूको अझै बन्न सकेको छैन । बुवाआमा दुवै नेपाली भएर नेपालमै जन्मिएका भए पनि सनाखतका लागि आफन्त नहुँदा उनीहरू राज्यविहीन बन्न पुगेका छन् ।

कानुनी छिद्र र संस्थागत विभेद : यसरी संविधान र कानुनमै नेपाली महिलाको अस्तित्वमाथि विभेदको रेखा कोरिएको छ । कानुनका छिद्रहरूमा टेकेर महिलाको अधिकारमाथि पटक-पटक प्रश्न गरिन्छ । आज पनि नेपाली महिलाबाट जन्मिएका हजारौं सन्तानहरू अनागरिक हुनु परेको छ । नागरिकता विहीनहरूको पक्षमा काम गर्ने संस्था सीएपीएनले नेपाली आमाहरूलाई संविधानले नै विभेद गरेको प्रतिवेदन सार्वजनिक गरेको छ । अधिवक्ता दीप्ति गुरुङका अनुसार नेपालको संविधानमा आमाको नामबाट नागरिकता प्राप्त गर्ने प्रावधान 'सशर्त' छ र यो अन्ततः बाबुको पहिचानमै आधारित हुन्छ । यस्तै, वरिष्ठ अधिवक्ता मीरा ढुंगाना नेपालको कानुन र संविधानले महिलाको समान भूमिका र अधिकारको विषयमा सधैं विभेद गरिरहेको बताउँछिन् । उनी भन्छिन्, 'आमाको नामबाट निःसर्त नागरिकता दिनुपर्ने आवाज उठाउँदा 'नेपाल फिजीकरण बन्ने' त्रास फैलाएर दबाउने गरिन्छ । राज्यको नजरमा नेपाली महिलाहरू राष्ट्रियताका लागि खतराका पात्र जस्ता बनाइएका छन् ।' प्रशासनको 'पितृसत्तात्मक' मानसिकता : व्यक्ति र राज्यको कानुनी साइनो उसको नागरिकता हो । नागरिकताले व्यक्तिलाई राज्यको पहिचान, अधिकार र संरक्षण प्रदान गर्छ । संविधान र पछिल्लो नागरिकता कानुनले 'आमाको नामबाट पनि नागरिकता पाइनेछ' भनेर लेखे पनि, आज हजारौं नेपाली आमा र तिनका सन्तानका लागि यो व्यवस्था 'मृगतृष्णा' मात्र बनेको छ । कानुन बन्यो, संशोधन पनि भयो, तर राज्य सञ्चालन गर्ने संयन्त्रको व्यवहार र मानसिकता रत्तिभर बदलिएन ।

संविधानको धारा ११ ले कुनै पनि व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक हुने स्पष्ट व्यवस्था गरेको छ । तर जब आमाको नामबाट नागरिकता बनाउन प्रशासन कार्यालय पुगिन्छ, तब पितृसत्ताको नग्न स्वरूप देखिन्छ । प्रशासनिक अधिकारीहरूको पहिलो प्रश्न हुन्छ- 'बाबु खोइ ? बाबु कुन देशको हो ? विदेशी भए उसको देशबाट किन नलिएको ?' आमाको नागरिकता, जन्मदर्ता र वडाको सिफारिस हुँदाहुँदै पनि प्रशासनले 'बाबु नल्याई नागरिकता बन्दैन' भन्दै फर्काइदिन्छ । कानुनले 'बाबु वा आमा' भनेको छ, तर प्रशासनले त्यसलाई 'बाबु र आमा'को रूपमा बुझिदिँदा समस्या जटिल बनेको छ । नेपालमा कानुन कमजोर भएर होइन, कानुन कार्यान्वयन गर्ने निकायमा बसेकाहरूको पितृसत्तात्मक सोच हाबी भएर आमाहरूले सदियौंदेखि दुःख पाइरहेका छन् ।

दोस्रो दर्जाको नागरिक : नेपाली महिलाले भोग्नुपरेको मुख्य विभेद भनेको राज्यले उनको स्वतन्त्र अस्तित्वलाई स्वीकार नगर्नु हो । पुरुषले आफ्ना सन्तानलाई नागरिकता दिलाउन कहिल्यै श्रीमतीको वैवाहिक स्थिति वा ठेगाना प्रमाणित गरिरहनु पर्दैन । तर महिलाको हकमा उनी अविवाहित हुन्, सम्बन्धविच्छेद गरेकी हुन्, श्रीमान् बेपत्ता भएका हुन् वा विदेशीसँग विवाह गरेकी हुन्, यी सबै कुराको प्रमाण खोजिन्छ । बाबुको पहिचान नभएको अवस्थामा आमाले 'बाबुको पहिचान हुन नसकेको' भनी स्वघोषणा गर्नुपर्ने र पछि बाबु पत्ता लागेमा सजाय भोग्नुपर्ने प्रावधानले महिलालाई अपमानित गरेको छ ।

एउटी आमाले आफ्नो सन्तान जन्माएको सत्य राज्यलाई पर्याप्त लाग्दैन । यो प्रावधानले महिलालाई दोस्रो दर्जाको नागरिकमात्र बनाएको छैन, उनीहरूको आत्मसम्मानमाथि प्रहार गरेको छ । राज्यको नजरमा पुरुषको राष्ट्रियता बलियो र महिलाको राष्ट्रियता कमजोर देखिन्छ । नेपाली पुरुषले विदेशी महिला विवाह गरेमा ती महिलाले तत्काल अंगीकृत नागरिकता पाउने र सन्तानले वंशजको नागरिकता पाउने व्यवस्था छ । तर, नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेमा न श्रीमान्ले नागरिकता पाउँछन्, न सन्तानले वंशजको अधिकार पाउँछन् ।

अन्धकार भविष्य र समाधानको मार्ग : आमाको नामबाट नागरिकता नपाउँदा हजारौं युवाहरू आफ्नै देशमा शरणार्थी सरह बाँच्न बाध्य छन् । नागरिकता नहुँदा उनीहरूले उच्च शिक्षा हासिल गर्न, बैंक खाता खोल्न, सवारीचालक अनुमतिपत्र (लाइसेन्स) लिन, सिमकार्ड किन्न वा कुनै रोजगारी प्राप्त गर्न पाएका छैनन् । राज्यको प्रशासनिक ढिलासुस्ती र पितृसत्तात्मक सोचले गर्दा एउटा सिंगो पुस्ताको भविष्य अन्धकारमा धकेलिएको छ । बच्चा हुर्काउने सम्पूर्ण दायित्व आमाले निर्वाह गर्ने, तर अधिकार दिने बेलामा राज्यले 'बाबु' खोज्ने यो विडम्बनापूर्ण अवस्था अन्त्य हुनुपर्छ । सन्तान जन्माउने आमाको कोख सन्तानको पहिचानको सबैभन्दा ठूलो र अकाट्य प्रमाण हो भन्ने कुरा राज्यले बुझ्न आवश्यक छ । आमाको अस्तित्वलाई पुरुषको छहारीमा मात्र खोज्ने परम्परावादी चस्मा अब फुकाल्नै पर्छ । नेपाली बुवा हुनासाथ सन्तानले पाउने अधिकार र नेपाली आमा हुँदा पाउने अधिकारमा समानता हुनुपर्छ । बच्चा जन्माउने हक महिलाको प्राकृतिक अधिकार हो र यसलाई वैवाहिक स्थितिको आधारमा विभेद गरिनुहुन्न । संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रमध्ये करिब ८८ प्रतिशत देशहरूले आफ्नो नागरिकता कानुनमा लैंगिक समानता सुनिश्चित गरिसकेका छन्, जहाँ आमा र बुवा दुवैले समान अधिकारका साथ सन्तानलाई नागरिकता दिन सक्छन् । छिमेकी मुलुक भारतमा समेत यो समानता छ । अतः नेपालको संविधानमा रहेका विभेदकारी व्यवस्थाहरू संशोधन गरी नेपाली आमाहरूलाई आफ्ना सन्तानलाई बिनाअपमान र बिनासर्त नागरिकता दिलाउन सक्ने पूर्ण अधिकार प्रदान गरिनुपर्छ । जबसम्म आमालाई एक पूर्ण र स्वतन्त्र अस्तित्वको रूपमा राज्यले स्वीकार गर्दैन, तबसम्म लोकतन्त्र र समानताको नारा केवल कागजमा मात्र सीमित रहनेछ ।

निष्कर्ष, आमाको नाम, पहिचानको संग्राम : नागरिकता केवल कागजको खोस्टो होइन, यो व्यक्तिको राज्यसँगको कानुनी र भावनात्मक सम्बन्ध हो । नेपालको संविधानले समानताको रटान लगाए पनि व्यवहारमा नेपाली आमाहरूलाई अझै पनि 'दोस्रो दर्जा'कै नागरिकका रूपमा हेरिएको छ । एउटी आमाले सन्तानलाई पहिचान दिन बाबुको अस्तित्व अनिवार्य बनाइनु र 'स्वघोषणा'जस्ता अपमानजनक सर्तहरू तेस्याइनुले राज्यको पितृसत्तात्मक संकीर्णतालाई उदांगो पारेको छ ।

सुरज र निर्मलाहरू आफ्नै माटोमा शरणार्थी सरह बाँच्नुपर्ने विडम्बनापूर्ण स्थिति हो । जसको अन्त्य हुन अझै निकै समय लाग्ने देखिन्छ । विश्वका ८८ प्रतिशत राष्ट्रहरूले लैंगिक समानता अपनाइसक्दा नेपालमा 'फिजीकरण'को डर देखाएर महिलाको राष्ट्रियतामाथि संशय गर्नु न्यायपूर्ण छैन । नागरिकता ऐनमा रहेका वैवाहिक स्थितिका आधारमा गरिएका विभेदकारी सर्तहरू खारेज गरी आमाको नामबाट निसर्त नागरिकता दिने व्यवस्था आजको अनिवार्य आवश्यकता हो । जबसम्म सन्तान जन्माउने आमाको कोखलाई राज्यले पूर्ण प्रमाणका रूपमा स्वीकार गर्दैन र प्रशासनिक संयन्त्रले आफ्नो परम्परावादी सोच बदल्दैन, तबसम्म लोकतन्त्रको सुन्दरता महसुस हुन सक्दैन । त्यसैले, आमाको अस्तित्वलाई पुरुषको छायाँबाट मुक्त गराई संवैधानिक र व्यावहारिक रूपमै पूर्ण समानताको प्रत्याभूति गरिनुपर्छ ।


गौर प्राथमिक कान उपचार केन्द्र

गौर - १, रौतहट

यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं – + ९७७ ९८५११९१०५०,९८४४४४४३८७

इंडियन नं :– +91 8935959150

सम्पर्क स्थान :– जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर


समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# गुप्तचर साझेदारीमा अमेरिका-दक्षिण कोरिया तनाव

**सयोल-** उत्तर कोरियाको संवेदनशील आणविक गतिविधिबारे सार्वजनिक अभिव्यक्तिपछि अमेरिका र दक्षिण कोरियाबीच गुप्तचर साझेदारीमा चिसोपन देखिएको छ। सियोलका एक मन्त्रीको टिप्पणीपछि वासिङ्टनले उत्तर कोरियासम्बन्धी केही उपग्रह खुफिया जानकारी साझेदारीमा आंशिक सीमितता लगाएको विवरण सार्वजनिक भएको छ । दक्षिण कोरियाका एकीकरण मन्त्री चुङ डोङ-युङले गत महिना संसदमा उत्तर कोरियाको उत्तरपश्चिमी कुसोङ क्षेत्रमा युरेनियम संवर्धन स्थल सञ्चालन भइरहेको आशङ्का व्यक्त गरेका थिए ।

यही अभिव्यक्तिलाई लिएर अमेरिकाले असन्तुष्टि जनाएको र संवेदनशील सूचनाको अनुमतिविना खुलासा भएको ठहर गर्दै प्रतिक्रिया दिएको दक्षिण कोरियाली समाचार संस्था योन्हापसहितका विभिन्न सञ्चारमाध्यमहरूले जनाएका छन् । रिपोर्टअनुसार यस घटनापछि अमेरिकाले पहिले नियमित रूपमा सियोललाई दिँदै आएको केही उपग्रह सूचनामा सीमितता लगाएको छ। उक्त प्रतिबन्ध यसै महिनाको सुरुदेखि लागू भएको बताइए पनि यसले समग्र सैन्य तयारीमा ठूलो असर नपारेको एक अज्ञात दक्षिण कोरियाली सैन्य अधिकारीलाई उद्धृत गर्दै जनाइएको छ ।



ती अधिकारीका उत्तर कोरियाको सैन्य गतिविधिबारे गुप्तचर सङ्कलन र आदानप्रदान भने अझै सामान्य रूपमा जारी छ। यद्यपि, दक्षिण कोरिया वा अमेरिकाका अधिकारीहरूले औपचारिक रूपमा यस्तो प्रतिबन्धको पुष्टि गरेका छैनन्। कोरियामा तैनाथ अमेरिकी सैन्य संरचना 'युनाइटेड स्टेट्स फोर्सेज कोरिया' ले पनि सञ्चारमाध्यममा आएका विवरणबारे जानकारी भएको जनाउँदै थप टिप्पणी गर्न अस्वीकार गरेको छ ।

यसैबीच, दक्षिण कोरियाको एकीकरण मन्त्रालयले कुसोङस्थित कथित आणविक सुविधाबारे अन्य कुनै स्रोतबाट नयाँ जानकारी प्राप्त नभएको जनाएको छ। उत्तर कोरियाले यसअघि योङब्योन र राजधानी प्योङयाङ नजिक कङ्गसन क्षेत्रमा युरेनियम संवर्धन सुविधा सञ्चालन गर्दै आएको जानकारी सार्वजनिक भइसकेको छ । चुङको अभिव्यक्तिलाई लिएर विपक्षी दलहरूले आलोचना गरेका छन् र यसले अमेरिका-दक्षिण कोरिया सम्बन्धमा असर पारेको आरोप लगाएका छन् । तर चुङले आफ्नो भनाइ सार्वजनिक रूपमा उपलब्ध जानकारीमा आधारित रहेको र यसलाई गोप्य सूचनाको चुहावटका रूपमा व्याख्या गरिनु 'दुःखद्' भएको बताएका छन्। दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले पनि चुङको बचाउ गर्दै कुसोङ सुविधा सम्बन्धी जानकारी पहिले नै विभिन्न शैक्षिक अध्ययन र सञ्चारमाध्यममार्फत सार्वजनिक भइसकेको 'स्पष्ट तथ्य' भएको उल्लेख गरेका छन् । उनले अमेरिकी गोप्य सूचनाको चुहावट भएको दाबी आधारहीन रहेको स्पष्ट पारे ।

यसै क्रममा, केही रिपोर्टहरूमा कोरियास्थित अमेरिकी सैन्य कमान्डर जेभियर ब्रुनसनले दक्षिण कोरियाका रक्षामन्त्रीसँग असन्तुष्टि व्यक्त गरेको उल्लेख भए पनि रक्षा मन्त्रालयले यस्तो दाबीलाई कूटनीतिक रूपमा उपयुक्त नहुने भन्दै अस्वीकार गरेको छ। उत्तर कोरिया निरन्तर आणविक हतियार र ब्यालेस्टिक मिसाइल कार्यक्रम अघि बढाइरहेको भन्दै संयुक्त राष्ट्रसङ्घका विभिन्न प्रतिबन्धहरू अन्तर्गत छ, जसलाई उसले बारम्बार उल्लङ्घन गर्दै आएको आरोप छ ।

हालै संयुक्त राष्ट्रसङ्घीय आणविक निगरानी निकायका प्रमुखले उत्तर कोरियाले आफ्नो आणविक क्षमतामा 'धेरै गम्भीर वृद्धि' गरिरहेको चेतावनी दिएका थिए । उत्तर कोरियाको सम्भावित सैन्य खतरा नियन्त्रण गर्न अमेरिकाले दक्षिण कोरियामा करिब २८ हजार ५०० सैनिक तैनाथ गरेको छ । साथै, स्याटेलाइट र अन्य माध्यमबाट प्राप्त गुप्तचर सूचना सियोलसँग साझेदारी गर्दै आएको छ । पछिल्लो घटनाक्रमले दुई सहयोगीबीच विश्वास र सूचनाको संवेदनशीलता कति महत्त्वपूर्ण हुन्छ भन्ने प्रश्न फेरि उठाएको छ।

## परोहा............

हुने विश्वास व्यक्त गरे । नगरपालिकाको आफ्नै व्यवस्थित भवन नहुँदा सेवा प्रवाहमा केही कठिनाइ भइरहेको थियो। अब यो भवन तयार भएसँगै एउटै छानामुनिबाट सबै शाखाहरूको सेवा प्रभावकारी ढंगले प्रदान गरिनेछ, ई. यादवले भन्ने , हामी यसै वर्ष भवनको उद्घाटन गरी नयाँ संरचनाबाट कार्य सम्पादन गर्ने तयारीमा जुटेका छौं ।

लौकाहा बजार जस्तो पायक पर्ने स्थानमा ठूलो लगानीमा प्रशासनिक भवन बनेपछि स्थानीय बासिन्दाहरू समेत उत्साहित भएका छन्। आफ्नै नगरपालिकाको भव्य भवनबाट सहज र छिटो छरितो सेवा पाउने आशामा नगरवासीहरू रहेका छन् । भवनको निर्माण सम्पन्न भएपछि यस क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा समेत थप टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## मधेसमा............

सम्भावना रहेको छ। यस अवधिमा तातो हावा चल्ने क्रम जारी रहने भएकाले सतर्कता अपनाउन आग्रह गरिएको छ ।

स्वास्थ्यकर्मीहरूले गर्मीबाट बच्न पर्याप्त मात्रामा पानी पिउन, झोलिलो पदार्थ सेवन गर्न, दिउँसोको समयमा अनावश्यक बाहिर ननिस्कन, हल्का तथा खुकुलो कपडा लगाउन सुझाव दिएका छन् । साथै बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरूलाई विशेष ध्यान दिनुपर्ने चिकित्सकहरूको भनाइ छ ।

चर्को गर्मीसँगै मधेस प्रदेशमा जनजीवन प्रभावित बन्दै जाँदा सम्बन्धित निकायबाट आवश्यक सचेतना र पूर्वतयारीका उपायहरू प्रभावकारी रूपमा लागू गर्नुपर्ने देखिएको छ ।

नेपाल सरकार
भुमि ब्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमी ब्यवस्थापन तथा अभिलेख बिभाग
भुमि सुधार तथा मालपोत कार्यलय
कलैया,बारा

विषय:-हकदावी बारेको ३५ दिने सार्वजनीक सूचना।

यसमा सटाहा दास तत्मा को छोरा साविक गा.वि.स. मझरीया वडा न. ५ हाल सुवर्ण गा.पा. वडा न.६ बस्ने श्री दास तत्माले तपशिलमा उल्लेखीत जग्गा /घर जग्गा मेरो भाई नाताको बनु दास तत्माको नाम दर्ताको जग्गा जिर्ण भई च्याती फाटी गएको खोज तलास गर्दा फेला नपरेकोले साथै निज ज.ध. बनु दास तत्माको अविवाहित अवस्थामा नै मिति २०३२ सालमा नै मृत्यु भएकोमा निजको काज क्रिया समेत मैले नै गरेकोले निज बनु दास तत्माको नामदर्ताको जग्गाको श्रेस्ता अध्यावधिक गरी मेरो नाममा नामसारी गरी पाउँ भनी द.न. २०८४९ मिति २०८१।१२।१८ को निवेदन बाट माग दावी गरेकाले माग बमोजीम श्रेस्ता अध्यावधीक गरी नामसारी गर्न नमिलने कुनै कारण भए वा अन्य कसैको
हकदावी लागने भए वा सरकारी सार्वजनीक समपतीको नोकसानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन यस कार्यालयमा स-प्रमाण दावी
उजुर गर्न आउनु होला । सूचना गर्ने होला । अन्याथा कानून बमोजीम भई जाने व्यहोरा समबन्धीत सबैको लागी सुचीत गरिन्छ।

तपसिल

| जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | ज.बि. | ज.ध. |
|---|---|---|---|---|---|
| बारा | पिप्राबिर्ता | ४ | १५ | ०-१-१० | श्री दास तत्मा |
| बारा | पिप्राबिर्ता | ४ | १९ | ०-४-५ | |

नेपाल सरकार
भुमि ब्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमी ब्यवस्थापन तथा अभिलेख बिभाग
भुमि सुधार तथा मालपोत कार्यलय
गौर,रौतहट

तिनपुस्ते सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना ।

यसमा जिल्ला रौतहट साविक गाविस पिप्राभगवानपुर वडा नं.१ हाल राजपुर ना.पा.-१ मा बस्ने शेख फौदारको नाति सेख सैनुलको छोरा शेख सफिउल्लाहले आफ्नो नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साबिक गा.वि.स.पिप्राभगवानपुर वडा नं.५ किता नं. ५०० को ज.वि.०-०-१५ ऐ.ऐ.किता नं.५०२ को ज.वि.०-२-५ र ऐ.ऐ.वडा नं.२क किता नं.५८९ को ज.वि.०-२-७ जग्गाको मोठ श्रेस्तमा तिनपुस्ते ना.प्र.नं. साथै फोटो प्रमाणित कायम समेत गरी पाउँ भनी द.नं. १२०९४ मिति २०८२/१२/२७ गतेको माँग निवेदन भई आएकोमा सेख सफिउल्लाहको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको साथै जग्गामा तिनपुस्ते समेत नरहेको भनि मोठ फाँट वाट लेखिआएको र मोठ श्रेस्तामा दर्तावालाको नाम सफिउल्लाह र ना.प्र. पत्रमा शेख सफिउल्लाह उल्लेख रहेको साथै राजपुर ना.पा-१ को चलानी नं.-९८२ मिति २०८२/१२/३० गतेको हकभोग सिफारिस साथै चलानी नं.९५८ मिति २०८२/१२/२३ गतेको तिनपुस्ते कायम गरी ज.ध.पुर्जा समेत उपलब्ध गराईदिनुहुन भनि सिफारीस समेत भै आएकोमा तपशिलमा उल्लेखित जग्गामा तिनपुस्ते हकदावी वारे सम्बन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति २०८३/०१/०४ गतेको आदेशा बमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा तिनपुस्ते कायम हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम तिनपुस्ते कायम भै जाने छ ।

तपसिल

| जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | ज.बि. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | पिप्राभगवानपुर | ५ | ५०० | ०-१-१५ | सफिउल्लाह |
| रौतहट | पिप्राभगवानपुर | २क | ५८९ | ०-२-७ | सफिउल्लाह |


## सिम्रौनगढ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर  मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

सिम्रौनगढ नगरपालिकाको कार्यालय, सिम्रौनगढ, बारा

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बाल श्रमको प्रयोग नगरौ नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

देवताल गाउँपालिका, पिप्राढीगोठ, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# वीरगंज नाकामा लागुऔषध नियन्त्रणः गाँजासहित चार भारतीय र ट्रामाडोलसहित अर्को एक पक्राउ

*शु.आ. सम्बाददाता*
*वीरगंज, ०८ वैशाख*

नेपाल-भारत सीमावर्ती क्षेत्रमा लागुऔषध ओसारपसार नियन्त्रणका क्रममा प्रहरीले वीरगंज नाकाबाट गाँजा र प्रतिबन्धित औषध ट्रामाडोलसहित पाँच जना भारतीय नागरिकलाई पक्राउ गरेको छ। दुई छुट्टाछुट्टै कारबाहीमार्फत ठूलो परिमाणमा लागूऔषध बरामद गरिएको प्रहरीले जनाएको छ।





जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार वीरगंज महानगरपालिका-८ स्थित शङ्कराचार्य गेट नजिकैबाट भारततर्फ पैदल जाँदै गरेका चार जना भारतीय नागरिकलाई शंका लागी चेकजाँच गर्दा ६ किलो १८ ग्राम गाँजासहित नियन्त्रणमा लिइएको हो। पक्राउ पर्नेहरूमा भारतको बिहार राज्य, पश्चिम चम्पारणका ३५ वर्षीय सफि अहमद, ३३ वर्षीय विनय ठाकुर, ३० वर्षीय मुकिम मियाँ र २८ वर्षीय महमद एकवाल रहेका छन्।

प्रहरीले जनाएअनुसार उनीहरूले गाँजालाई प्लास्टिकले बेरेर शरीरको पेट र छातीको भागमा लुकाएर लैजाँदै गरेका थिए। चेकजाँचका क्रममा लागूऔषध फेला परेपछि उनीहरूलाई तत्काल नियन्त्रणमा लिइएको हो। जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार पक्राउ परेका चारै जनामाथि लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाइएको छ। यसैबीच, विशेष सूचनाको आधारमा सोही दिन राति करिब ९:५५ बजे वीरगंज महानगरपालिका-८ कै लिंक रोड क्षेत्रमा रहेको एक होटलमा गरिएको अर्को अपरेशनमा ठूलो मात्रामा प्रतिबन्धित औषध बरामद गरिएको छ। प्रहरी टोलीले समर होटल एण्ड लजको कोठा नम्बर १०५ मा खानतलासी गर्दा भारत बिहार राज्य, मोतीहारी जिल्ला भेलाही गाउँ बस्ने २० वर्षीय सागर कुमार पटेललाई नियन्त्रणमा लिएको छ। उनको साथबाट ट्रामोल नामक प्रतिबन्धित औषध ३० हजार ट्याब्लेट बरामद भएको प्रहरीले जनाएको छ। उक्त औषध एक पत्तामा १० वटा ट्याब्लेटका दरले ३ हजार पत्तामा राखिएको अवस्थामा फेला परेको थियो। प्रहरीका अनुसार ट्रामाडोल जस्तो औषध दुरुपयोग हुँदा लागुऔषधको रूपमा प्रयोग हुने भएकाले यसको अवैध कारोबारमाथि कडाइ गरिएको छ। पक्राउ परेका पटेलमाथि पनि लागूऔषध सम्बन्धी मुद्दामा अनुसन्धान प्रक्रिया अघि बढाइएको छ। सीमावर्ती क्षेत्रमा पछिल्लो समय लागुऔषध ओसारपसारका घटनामा वृद्धि देखिएसँगै सुरक्षा निकायले निगरानी र चेकजाँचलाई थप कडाइ गरेको जनाएको छ। प्रहरीले यस्ता गतिविधि नियन्त्रणका लागि सूचनाको आधारमा विशेष अपरेशन सञ्चालनलाई निरन्तरता दिने जनाएको छ।

# यमुनामाईमा लैससास नीति कार्यान्वयनका लागि पाँच वर्षे योजना पुनरावलोकन

*शु.आ. सम्बाददाता*
*रौतहट, ०८ वैशाख*

यमुनामाई गाउँपालिका मा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीतिलाई प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले पाँच वर्षे विस्तृत कार्ययोजनाको पुनरावलोकन गरिएको छ। साथै, लैससास समितिको विशेष बैठकसमेत सम्पन्न भएको छ। आसमान नेपाल द्वारा "सशक्त महिला, समृद्ध नेपाल" कार्यक्रमअन्तर्गत आयोजित उक्त कार्यक्रम गाउँपालिकासँगको सहकार्य तथा संयुक्त राष्ट्र जनसंख्या कोष को आर्थिक सहयोगमा सम्पन्न भएको हो।



कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिकाकी उपाध्यक्ष अनुराधा कुमारी ले महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका समुदायलाई विकासको मूल प्रवाहमा ल्याउनु स्थानीय सरकारको प्रमुख लक्ष्य रहेको बताइन्। उनले आगामी पाँच वर्षभित्र गाउँपालिकालाई लैंगिकमैत्री र समावेशी बनाउने प्रतिबद्धता व्यक्त गरिन्। बैठकमा गाउँपालिकाका विभिन्न शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो। सहभागीहरूले नीति, बजेट तथा योजना तर्जुमा प्रक्रियामा लैंगिक समानता र सामाजिक समावेशीकरणका विषयलाई कसरी प्राथमिकतामा राख्ने भन्नेबारे विस्तृत छलफल गरेका थिए।

कार्यक्रममा आसमान नेपालका प्रतिनिधिहरू उर्वशी साह र सरस्वती दनुवारले कार्ययोजनाको पुनरावलोकन प्रतिवेदन प्रस्तुत गर्दै नीति कार्यान्वयनका लागि प्रशासनिक तथा राजनीतिक दुवै तहको सक्रियता आवश्यक रहेकोमा जोड दिएका थिए। पुनरावलोकन गरिएको कार्ययोजनामा आगामी पाँच वर्षका लागि स्पष्ट लक्ष्य निर्धारण, लैससास समितिको सक्रियता वृद्धि, कर्मचारी तथा जनप्रतिनिधिहरूको जिम्मेवारी स्पष्ट पार्ने र प्रत्येक शाखाका योजनामा समावेशीकरण सुनिश्चित गर्ने प्रतिबद्धता समेटिएको छ।

यस कार्यक्रमले गाउँपालिकामा सामाजिक न्याय प्रवर्द्धन गर्दै पछाडि पारिएका समुदायको सशक्तीकरणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

# १९औं स्थापना दिवसमा सशस्त्र प्रहरीद्वारा रक्तदान र वृक्षरोपण

शु.आ. सम्बाददाता
बारा, ०८ वैशाख

सशस्त्र प्रहरी बल नेपाल नं. १२ गण हेडक्वाटर बाराले आफ्नो १९औं स्थापना दिवसका अवसरमा रक्तदान तथा वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रमअन्तर्गत तीन महिलासहित ३७ जनाले रक्तदान गरेका छन् भने गण परिसरमा १५० भन्दा बढी बिरुवा रोपिएका छन्।



मंगलबार आयोजित कार्यक्रममा प्रादेशिक अस्पताल कलैया को रक्त सञ्चार शाखाको प्राविधिक सहयोगमा रक्तदान गरिएको हो। गणपति सशस्त्र प्रहरी उपरीक्षक विशाल सिलवाल ले रक्त सञ्चार शाखाका इन्चार्ज राजाबाबु गुप्तालाई ब्लड ब्याग हस्तान्तरण गर्दै कार्यक्रमको उद्घाटन गरेका थिए।

रक्तदान कार्यक्रममा गणका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक विक्रम मणि अधिकारी, सन्तोष अधिकारी, जितपुर बेसका बेसपति कमान्डर विश्वराज योन्जनलगायत सुरक्षाकर्मी तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो। ममता साह, लक्ष्यमिना पटेल, पार्वती प्रजा, प्रभा तामाङलगायत महिलाहरूले पनि रक्तदानमा सहभागिता जनाएका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै गणपति सिलवालले प्रादेशिक अस्पतालको रक्त सञ्चार शाखामा रगतको अभाव भइरहेका बेला स्थापना दिवसको अवसर पारेर रक्तदान कार्यक्रम आयोजना गरिएको बताए। उनले यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिइने जानकारी दिए।

उक्त अवसरमा सशस्त्र प्रहरी निरीक्षक उमेश कुमार आले, सुजल भण्डारी, रक्त सञ्चार शाखाका कृष्ण यादव, सहयोगी अमन पासवान लगायतको उपस्थिति रहेको थियो।

यसैबीच, वातावरण संरक्षणलाई प्राथमिकता दिँदै गण परिसरमा अमला, अम्बा, गुलमोहरलगायत विभिन्न प्रजातिका १५० भन्दा बढी बिरुवा रोपिएको छ। सशस्त्र प्रहरीले सामाजिक सेवासँगै वातावरणीय संरक्षणमा पनि सक्रिय भूमिका निर्वाह गर्दै आएको जनाएको छ।

# भारतबाट अवैध रुपमा भित्र्याइएको एक सय लिटर डिजेलसहित मोटरसाइकल नियन्त्रणमा

*शु. आ. सम्बाददाता*
*रौतहट, ०८ बैशाख*

जिल्लाको इशनाथ नगरपालिकास्थित नेपाल-भारत सीमावर्ती क्षेत्रबाट प्रहरीले ठुलो परिमाणमा अवैध डिजेल र एक थान भारतीय मोटरसाइकल नियन्त्रणमा लिएको छ। सीमा नाकाबाट हुने चोरी पैठारी नियन्त्रणका लागि सक्रिय रहेको प्रहरी टोलीले चेकजाँचका क्रममा उक्त इन्धन बरामद गरेको हो।



जिल्ला प्रहरी कार्यालय रौतहटले मंगलवार जारी गरेको प्रेस विज्ञप्तिअनुसार इशनाथ नगरपालिका वडा नम्बर ५ स्थित भित्री सडक खण्डमा प्रहरी चौकी जयनगरबाट खटिएको नियमित गस्ती टोलीले शंकास्पद अवस्थामा रहेको बीआर ०६ बीजी २२५० नम्बरको भारतीय मोटरसाइकललाई रोकेर खानतलासी गरेको थियो।

उक्त मोटरसाइकलमा चार वटा प्लाष्टिकका जरकिनमा राखेर भारतबाट भन्सार छली अवैध रूपमा नेपालतर्फ डिजेल ल्याइँदै गरेको अवस्थामा फेला परेको प्रहरीले जनाए। प्रहरीका अनुसार बरामद गरिएको सामग्रीको विवरण र अनुमानित बजार मूल्य निम्न बमोजिम रहेको छ। डिजेलः १०० लिटर (४ वटा जरकिनमा),जसको मूल्य करिब रु. २३,४०० कायम गरिएको छ।

मोटरसाइकलः भारतीय नम्बर प्लेटको बाइक, जसको मूल्याङ्कन रु. ५०,००० गरिएको छ। जम्मा रु. ७३,४००। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक विष्णुप्रदीप वस्यालले घटनाको पुष्टि गर्दै बरामद गरिएको डिजेल र मोटरसाइकललाई आवश्यक कानुनी कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको जनाए।

पछिल्लो समय सीमावर्ती क्षेत्रमा पेट्रोलियम पदार्थको मूल्यमा रहेको भिन्नताका कारण तस्करीका घटनाहरू बढ्न थालेपछि प्रहरीले सीमा नाकाहरूमा निगरानी र चेकजाँचलाई थप कडा बनाएको छ। यसअघि पनि जिल्लाका विभिन्न नाकाहरूबाट अवैध रूपमा भित्र्याइएका खाद्यान्न, लत्ताकपडा र इन्धन प्रहरीले बरामद गर्दै आएको छ।

# परोहा नगरपालिकाको प्रशासकीय भवन निर्माण अन्तिम चरणमाः यसै वर्ष उद्घाटन गर्ने लक्ष्य

*शु. आ. सम्बाददाता*
*रौतहट, ०८ वैशाख*

जिल्लाको परोहा नगरपालिकामा सुविधासम्पन्न प्रशासकीय भवन निर्माण कार्यले तीव्रता पाएको छ। विगत दुई वर्षदेखि सुरु भएको यस गौरवको आयोजनाको निर्माण कार्य हाल अन्तिम चरणमा पुगेको र यसै चालु आर्थिक वर्षभित्रै उद्घाटन गर्ने तयारी भइरहेको छ।



नगरपालिकाको वडा नम्बर ४ स्थित लौकाहा बजारभन्दा पूर्वतर्फ रहेको करिब डेढ बिघा क्षेत्रफलमा यो अत्याधुनिक भवन निर्माण भइरहेको छ। १३ करोड २५ लाख ८ हजार ९ सय ५० रुपैयाँको लागत अनुमान गरिएको यस आयोजनालाई निर्माण कम्पनी ब्राइट काष्ठमण्डप/काली जे.भी. फल्गुले १२ करोड ४७ लाख १७ हजार १ सय १६ रुपैयाँमा ठेक्का सम्झौता गरी निर्माणको जिम्मा लिएको थियो।

नगरपालिका कार्यालयका अनुसार हालसम्म भवनको ग्राउन्ड फ्लोर सहित तीनवटै तलाको निर्माण कार्य सम्पन्न भइसकेको छ। भवनको भौतिक प्रगतिसँगै आर्थिक कारोबार पनि पारदर्शी रुपमा अगाडि बढेको छ। निर्माण कार्यको प्रगति अनुसार ठेकेदार कम्पनीले हालसम्म नगरपालिकाबाट ८ करोड १९ लाख ४६ हजार ९ सय ५ रुपैयाँ भुक्तानी लिइसकेको छ। बाँकी फिनिसिङ र प्राविधिक कार्यहरू अहिले युद्धस्तरमा भइरहेका छन्।

परोहा नगरपालिकाका प्राविधिक शाखा प्रमुख दीपेन्द्र प्रसाद यादवले शुभ आरम्भ राष्ट्रिय दैनिक'सँग कुरा गर्दै भवन निर्माणको काम सन्तोषजनक रहेको र तोकिएको समयमै सम्पन्न

बाँकी तेश्रो पृष्ठमा

# मधेसमा चर्को गर्मी, बारामा ३९ डिग्री तापक्रम

*बारा, ०८ वैशाख*

मधेस प्रदेशका विभिन्न जिल्लामा मंगलबार अत्यधिक गर्मी बढेसँगै जनजीवन प्रभावित भएको छ। प्रदेशभरमै सबैभन्दा बढी तापक्रम बारा सिमरा मा ३९ डिग्री सेल्सियस मापन गरिएको छ भने जनकपुर मा तापक्रम ३८ डिग्री पुगेको छ।



जल तथा मौसम विज्ञान विभाग अन्तर्गत जनकपुर कार्यालयका प्रमुख राजिव झा का अनुसार चर्को घामसँगै तातो हावा (लु) चलेपछि सर्वसाधारणको दैनिकी कष्टकर बनेको छ। विशेषगरी बालबालिका, वृद्धवृद्धा, दैनिक मजदुरी गर्ने श्रमिक तथा साना व्यवसायीहरू यसबाट सबैभन्दा बढी प्रभावित भएका छन्। गर्मीका कारण श्रमिक वर्गको काम गर्ने क्षमता घटेको छ भने सडक किनारमा ठेला तथा साना पसल सञ्चालन गर्ने व्यवसायीहरू दिउँसोको समयमा बस्न नसक्ने अवस्थामा पुगेका छन्। चर्को घामका कारण बजारमा ग्राहकको चहलपहलसमेत घट्दा उनीहरूको आम्दानीमा प्रत्यक्ष असर परेको स्थानीयहरूले बताएका छन्। मौसम विभागका अनुसार तराई क्षेत्रमा अझै केही दिन तापक्रम उच्च रहने

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - बृन्दाबन नगरपालिका